"समृद्ध पैयूँको आधारः कृषि, प्रविधि र पूर्वाधार"

# अध्यक्ष तोरण मल्ल ठकुरीज्यूले पैयूँ गाउँपालिकाको गाउँसभाको १६औं अधिवेशनमा प्रस्तुत गर्नुभएको आ.व. २०८२/८३ नीति तथा कार्यक्रम

गाउँसभाको सचिवालय

पैयूँ गाउँपालिका,पर्वत गण्डकी प्रदेश,नेपाल

असार ९,२०८२

**सभासदस्यज्यूहरु,**

**पैयूँ गाउँपालिकाको गरिमामय गाउँसभाको १६ औं अधिवेशनमा आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महसुस गरेको छु।**

१ यस अवसरमा लोकतन्त्र प्राप्ति तथा विभिन्न राजनीतिक, सामाजिक एवम आर्थिक परिवर्तनको आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका घाइते तथा वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

**सभासदस्यज्यूहरु,**

२ नेपालको संविधानले परिकल्पना गरेको संघ, प्रदेश र स्थानीय सरकारमा जनताको प्रतिनिधित्व हुने व्यवस्था भए बमोजिम सम्पन्न भएको स्थानीय तहको दोस्रो निर्वाचन २०७९ बाट पैयूँ गाउँपालिकाको अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित गराउनुहुने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दै यस्तो महत्वपूर्ण कार्यसम्पादन गर्ने अवसर प्राप्त भएकोमा यस गाउँपालिकाका सम्पूर्ण गाउँबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु।**"समृद्ध पैयूँ"**को परिकल्पना पुरा गर्न यहाँहरुले व्यक्त गर्नु भएको अपार माया, विश्वास र समर्थन मेरा लागि दरिलो प्रतिबद्धता बनेको छ।

३ संघ,प्रदेश र स्थानिय सरकारले संविधान तथा कानुन वमोजिम राज्य शक्तिको प्रयोग गर्न सक्ने व्यवस्था रहेको छ। तीनै तहको सरकारले नेपालको स्वतन्त्रता,सार्वभौमसत्ता,भौगोलिक अखण्डता,स्वाधिनता,राष्ट्रिय हित सर्वाङ्गिण विकास,वहुदलिय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली,मानव अधिकार तथा मौलिक हक, कानुनी राज्य,शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, वहुलता र समानतामा आधारित समतामूलक समाज निर्माण गर्दै समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने दायित्व पाएका छन।

४ जनतालाई द्रुत गतीमा सेवा प्रवाह गर्ने र स्थानीय लोकतन्त्रको अभ्यास गर्ने गरी संविधानद्धारा नै व्यवस्था गरिएको जनताको नजिकको सरकारको स्वरुप स्थानीय सरकार हो। नेपालको संविधान को धारा २१४ मा स्थानीय तह सम्वन्धि कार्यकारिणी अधिकार र धारा २२१ मा स्थानीय तहको व्यवस्थापिकीय अधिकार संविधानको अधिनमा रही हुनेछ भनिएको छ भने स्थानीय तहहरुले प्रयोग गर्ने अधिकारको व्यवस्था अनुसूचि ८ र ९ मा एकल र साझा अधिकारको रुपमा गरिएको छ ।

५ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने प्रतिबद्धता बमोजिम जनताको सबैभन्दा नजिकको सरकारको रुपमा पैयूँ गाउँपालिका पनि जनताको साना देखि ठुला आवश्यकता पुरा गर्ने दिशामा निरन्तर अगाडी बढिरहेको छ ।

६ स्थानीय सरकार सञ्चालनमा स्रोत, साधनको अवस्था कमजोर छ। आन्तरिक आयस्रोत वृद्धिका लागि लगाइने करहरूले स्थानीय सरकारका अलोकप्रियताको कारक बन्न सक्ने हुन्छन। जनताका अपेक्षाहरु असिमित छन् ।स्रोतको अभाव र कतिपय कानुनी सीमाले हाम्रो समृद्धिको गति केहि सुस्त देखिएको हुन सक्छ । तथापि हाम्रो जोस, जाँगर, अठोट र इमान्दार प्रयास भने निरन्तर छ।

७ स्थानीय सरकारलाई स्वतन्त्र र प्रभावकारी रुपमा काम गर्न नदिन केन्द्रीकृत मानसिकताको प्रभावले काम गरिरहेको छ। संविधान र ऐनले दिएको अधिकारलाई एउटा निर्देशनले काम गर्न रोक्ने विरोधाभास अभ्यासले सहजै काम गर्ने अवस्था छैन । स्थानीय तहलाई दिइएका विषय र कार्यक्रमहरू एवं तिनीहरूसँग जोडिएका बजेटहरू पठाउन संघीय एव प्रदेश सरकारबाट आनाकानी र अलमल गरेको देखिएको छ। स्थानीय तहको बजेटमा आफैले तर्जुमा गरेर कार्यान्वयन गर्ने हिस्सा न्यून छ । सामाजिक सुरक्षा, शिक्षक तथा स्वास्थ्य सेवाका कर्मचारीको तलब भत्ता र प्रशासनिक बजेटको हिस्सा बढी छ भने कतिपय विकास निर्माणका गतिबिधि एवम बजेट स्थानीय तहमा हस्तान्तरण हुन नसकेको अवस्था छ ।

८ हाम्रा सामु थुप्रै चुनौती भए पनि प्रशस्त अवसर र सम्भावना पनि छन। हामी पैयूँको समृद्धि र विकासका लागि अहोरात्र लागिरहँदा बिगत तीन बर्षमा दीर्घकालीन, दूरदर्शी एवम महत्वपूर्ण योजना एवम कार्यक्रम लागु गरेर जनताको विश्वास अझै बढाउन सकिन्थ्यो तर जनताको नजिकको सरकारका रुपमा कतिपय साना र वितरणमुखी कार्यक्रम पनि समावेश गर्नुपर्ने हाम्रो वाध्यता रहेको हुँदा दिगो विकासका लक्ष्य हासिल गर्ने गरी गौरबका योजना संचालन गर्न केहि ढिलाई भएको चाँही पक्कै हो ।

९ हामी संग अझै महत्वपूर्ण कार्य अवधी बाँकी नै छ । जुनसुकै राजनीतिक दलको प्रतिनिधित्व गरे पनि पैयूँको अग्रगामी विकास र समृद्धिका लागि साझा सोंच र प्रतिबद्धता भएको जनप्रतिनिधिको समूह छ। त्यस्तै हामीलाई योग्य, क्षमतावान एवम इमान्दार र निष्पक्ष कर्मचारी संयन्त्रको साथ छ । यिनै अवसरलाई सदुपयोग गर्दै हामीले हाम्रो कार्यकाल ऐतिहासिक बनाउने र यहाँको शिक्षा, स्वास्थ्य, कृषि, भौतिक पूर्वाधार र अन्य सवै क्षेत्रमा जनताले परिवर्तनको महसुस गर्ने गरी सकारात्मक पहलकदमी अगाडी बढाउन प्रतिबद्ध रहेको दृढ विश्वास व्यक्त गर्न चाहान्छु ।

१० विगत ३ बर्षमा मेरो नेतृत्वमा हजुरहरुको सहयोग र सत्प्रयासको प्रतिफल स्वरूप पैयूँ गाउँपालिकले आर्थिक, सामाजिक, संस्थागत एवम अन्य थुप्रै क्षेत्रमा उदाहरणीय र उल्लेख्य उपलब्धि हासिल गरेको सम्पूर्णमा सर्वविदितै छ ।

११ **सुरुवातमा म, पैयूँ गाउँपालिकाको चालु आर्थिक वर्षको अपेक्षित लक्ष्य र उपलब्धि तथा कार्यान्वयनमा देखिएका चुनौतिहरु बीच प्रास भएका केहि महत्वपूर्ण प्रगतिहरु समीक्षात्मक रुपमा प्रस्तुत गर्न चाहन्छु ।**

१२ गाउँपालिकाको केन्द्रमा रहेको हुवास स्वास्थ्य चौकीमा १० शैयाको आधारभुत अस्पतालको भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

१३ गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न भइ चालु आर्थिक बर्षबाट सेवा प्रवाह भइरहेको छ साथै वडा नं. ३ र ६ का वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न भइ नव निर्मित भवनबाट सेवा प्रवाह भइरहेको छ।

१४ गाउँपालिकाको वजार क्षेत्रबाट उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनको लागि निर्माण भएको फोहोरमैला व्यवस्थापन केन्द्रलाई सञ्चालनमा ल्याइएको छ, उक्त कार्यको लागि महिनाको दुइ पटक गाउँपालिकाको बजार क्षेत्रबाट फोहोरमैला संकलन गरी व्यवस्थापन केन्द्रमा विसर्जन गर्ने कार्य निरन्तर चलिरहेको छ ।

१५ चालु आर्थिक वर्षमा गाउँपालिका क्षेत्रका कवाडिजन्य सामानहरुको निकासी कर संकलनको ठेक्का लगाइएको छ भने फोहोर मैला संकलन केन्द्रमा संकलन भएका कवाडीजन्य सामानहरुको बर्गीकरण गरी लिलाम बिक्री गरी "**फोहोरबाट मोहर कार्यक्रम**" मार्फत आन्तरिक राजश्व अभिवृद्धिमा नयाँ अभ्यासको थालनी गरिएको छ।

१६ कक्षा १ देखि ५ सम्म अनिवार्य अग्रेजी माध्ययमबाट पठनपाठन सञ्चालन गरिएको छ भने कक्षा ६ देखि कक्षा १० सम्म ऐच्छिक रुपमा नेपाली र अग्रेजी माध्यमबाट पठनपाठन गरी सोको लागि गाउँपालिकाबाट निशुल्क रुपमा पाठ्यपुस्तक वितरण समेत गरिएको छ ।

१७ पैयूँ गाउँपालिकामा रहेका विद्यार्थी तथा शिक्षकहरुलाई उत्प्रेरित गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षक तथा विद्यार्थी सम्मान कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

१८ पैयूँ गाउँपालिकामा रहेका विद्यालयहरुको शैक्षिक सत्रमा सञ्चालन हुने शैक्षिक क्रियाकलापहरुमा एकरुपता कायम गर्न शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

१९ विद्यालय तहमा सञ्चालन हुने अर्धबार्षिक परिक्षालाई गाउँपालिका स्तरबाट व्यवस्थापन गरिएको छ साथै कक्षा ८ को बार्षिक परिक्षाको परिक्षा केन्द्र निर्धारण गरी सोको सम्पूर्ण ब्यवस्थापन गाउँपालिकाबाट गरिएको छ।

२० विद्यालयका ६ कक्षा देखि १२ कक्षा सम्मका छात्राहरुको नियमित महिनावारी कारणले शिक्षण सिकाइमा पर्न जाने असर कम गर्न गुणस्तरीय सेनिटरी प्याड वितरणको ब्यवस्था मिलाइएको छ।

२१ गाउँपालिकाको स्थानीय पहिचान सहितको गुणस्तरीय शिक्षामा विद्यार्थीहरुलाई पठनपाठन गराउने उद्देश्यले निर्माण गर्न लागिएको स्थानीय पाठ्यपुस्तक निर्माणको कार्य सम्पन्न भई लागु गरिएको छ ।

२२ पैयूँ गाउँपालिकामा रहेका आर्थिक रुपले विपन्न नागरिकहरुको सुरक्षित निजी आवास र शैचालय निर्माण कार्य निरन्तर सञ्चालनमा रहेको छ।

२३ गाउँपालिकाको केन्द्रमा रहेको हुवास स्वास्थ्य चौकीमा १० शैयाको आधारभूत अस्पतालमा आफ्नै स्रोतबाट ब्यवस्थापन हुने गरी २ जना मेडिकल अधिकृत र अन्य आवस्यक जनशक्ती नियुक्ति गरी सञ्चालन गरिएको छ भने फार्मेसी सेवा सञ्चालन अन्तिम चरणमा पुगेको छ।

२४ सामाजिक सुरक्षा कार्यक्रमलाई वडा कार्यालयबाट अनलाइन मार्फत ब्यवस्थित गरिएको छ भने भत्ता वितरणको कार्य विद्युतीय प्रणाली (EFT) मार्फत गरिएको छ ।

२५ राजश्वको दर न्यूनीकरण तथा राजश्वको दायरा फराकिलो बनाई राजश्व संकलनलाई सरल र सहज बनाउन वडा कार्यालयबाटै अनलाइन माध्यमको प्रयोग गरी राजश्व संकलन गर्ने प्रणाली अवलम्वन गरिएको छ।

२६ न्यायीक समितिलाई थप क्रियाशील बनाउदै न्याय सम्पादनलाई थप चुस्त र प्रभावकारी बनाउन कार्यलयमा न्ययीक सहजकर्ताको व्यवस्था मिलाइएको छ।

२७ साना सिंचाई कार्यक्रम अन्तर्गतका ११ वटा आयोजना मध्ये ८ वटा सिंचाई आयोजनाहरु सम्पन्न भइसकेका छन् भने ३ वटा सिंचाई आयोजनाहरु यसै आर्थिक बर्षमा सम्पन्न हुने छन् ।

२८ कृषिको उत्पादकत्व वृद्धि गर्न किसानहरुको खेतबारीको माटोको नमुना परिक्षण गर्ने कार्य सम्पन्न भएको छ।चालु आर्थिक वर्ष देखि माटो परिक्षण कार्य सार्वजनिक विदाको दिन बाहेक प्रत्येक दिन किसानहरुको आबश्यकता अनुसार कार्यालयबाट गरिने व्यवस्था मिलाइएको छ।

२९ कृषि क्षेत्रमा यान्त्रिकरण कार्यक्रम प्रवर्दधन गर्न ५० प्रतिशत लागत साझेदारीमा पैयूँ गाउँपालिकामा रहेका १८ घरधुरीलाई मिनिट्रेलर बितरण गरिएको छ ।

३० बेमौसमी तथा मौसमी तरकारी उत्पादनमा वृद्धि गर्न टनेल घर निर्माण गरेका कृषकहरुलाई ५२ वटा टनेल वितरण गरिएको छ ।

३१ **"उद्यमी पैयू समृद्ध पैयूँ"** विकास गर्न बाँसका विभिन्न सामग्री बनाउने सीप विकास तालिमको स्तरोन्नती १६ जनालाई प्रदान गरिएको छ ।

३२ लघु उद्यम विकास कार्यक्रम तरकारी खेती, डलकुसन, अगरवत्ती, बटारेको धुप र मच्छड धुप बनाउन ३६ जनालाई तालिम उपलब्ध गराइएको छ।

३३ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ५३ जना बेरोजगार ब्यक्तिहरुलाई १०० दिन बराबरको रोजगारी प्रदान गरिएको छ साथै **श्रमको सम्मान राष्ट्रको अभियान** कार्यक्रम मार्फत प्रत्येक वडामा प्रधानमन्त्री रोजगार कार्यक्रम बारे अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ।

३४ रैथाने बाली उत्पादन र संरक्षणलाई प्रोत्साहन गर्न चालु आ.व.०८१/८२ मा कोदो उत्पादनमा प्रोत्साहन अनुदान अन्तर्गत २४१ जना किसानलाई अनुदान उपलब्ध गराइएको छ।

३५ सुन्तलाको उत्पादनमा वृद्धि गरी कृषकहरुको आय आर्जन अभिवृद्धिको लागि वडा नं. २ र ५ लाई **सुन्तला पकेट क्षेत्र** निर्धारण गरी सुन्तलाको विरुवा लगायत आवश्यक औजार तथा उपकरण वितरण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।

३६ गाउँपालिकाको समन्वयमा वडा नं. ७ भोर्ले र वडा नं. ४ को हुवास बहुमुखि क्याम्पसमा क्रमशः वृहत सेवा सहितको स्वास्थ्य शिविर र बृहत छातिरोग सम्बन्धी स्वास्थ्य शिविर सञ्चालन गरी कुल १२६० जनाले स्वास्थ्य सेवा प्राप्त गरेका छन्।

३७ १६ महिना देखि २७ महिना सम्मका ३१८ वालवालिकाहरुलाई पूर्ण खोप प्रदान गरि पैयूँ गाउँपालिकालाई पूर्ण खोप सुनिस्चितता तथा दिगोपना सहितको गाउँपालिका घोषणा गरिएको छ।

३८ प्रजनन रुग्णता सम्बन्धी कार्यक्रममा स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सर सम्बन्धी शिविर ८४ जनालाई सेवा प्रदान गरी सम्पन्न गरिएको छ ।

३९ गाउँपालिकाको चारवटा बर्थिङ्ग सेन्टरबाट सुरक्षित मातृत्व तथा नवजात शिशु सम्बन्धी सेवा प्रवाहलाई प्रभावकारी र व्यवस्थित बनाउन २४ सै घण्टा विद्युतीय सेवाको व्यवस्था गरिएको छ।

४० गाउँपलिकाको विभिन्न स्थानहरुमा महामारीको रुपमा फैलिएको लम्पी स्किन लगायतका सर्ने तथा महामारीजन्य रोगहरुको क्षतिलाई न्यूनिकरण गर्न घरपालुवा पशुहरुलाई खोप कार्यक्रम सञ्चालन गरी सम्पन्न गरिएको छ।

४१ पशु स्वास्थ्यलाई ध्यानमा राखी अत्यावश्यक औषधी, उपकरण र सामग्रीको व्यवस्था गरिएको छ साथै संघीय सरकारको सहयोग र समन्वयमा एक भेटेरिनरी डाक्टरको नियुक्ति गरी भेटेरिनरी सेवा प्रदान गरिएको छ ।

४२ पशुसेवा अन्तर्गत ५५५ जना किसानहरुलाई पशु स्वास्थ्य सम्वन्धी विभिन्न औषधी उपलब्ध गराइएको छ।

४३ रेविज रोगका विरुद्ध ३० वटा कुकुरलाई खोप लगाउने कार्य सम्पन्न भएको छ।

४४ व्यावसायीक वंगुर पालनको लागि ५० प्रतिशत लागत साझेदारीमा ८० वटा वंगुरका पाठापाठी किसानहरुलाई वितरण गरिएको छ।

४५ गाउँपालिकालाई दुधमा आत्मनिर्भर बनाउन भैसीपालन गर्ने व्यावसायिक फर्मलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिएको छ भने व्यावसायीक बाखापालनको लागि २९ जना लाभग्राही छनौट गरी प्रोत्साहन अनुदान रकम उपलब्ध गराइएको छ।

४६ "**अपाङ्गता भएका व्यक्ति र विपन्न नागरिक सँग स्थानीय सरकार**" भन्ने नाराका साथ गाउँपालिका भित्र रहेका ग र घ वर्गका अपाङ्गता भएका ४५ जना व्यक्तिहरुलाई स्वास्थ्य विमा कार्यविधि मार्फत स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरिएको छ।

४७ सुरक्षित आप्रवासन कार्यक्रम मार्फत वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउन प्रदेश सरकारको समन्वयमा इलाका प्रशासन कार्यालयमा रहेको सुरक्षीत आप्रवासन उपकेन्द्र मार्फत पैयूँ गाउँपालिकाका सम्पूर्ण वडा कार्यालयमा अभिमुखीकरण कार्यक्रम मार्फत बैदेशिक रोजगारी सम्बन्धी परामर्श सेवा सञ्चालन गरिएको छ ।

४८ पैयूँ गाउँपालिका क्षेत्रभित्र रहेका सम्भावित मनोसामाजिक समस्या भएका व्यक्तिहरुलाई परामर्श सेवा उपलब्ध गराउन मनोसामाजिक परामर्शकर्ता मार्फत सेवा विस्तार गरिएको छ ।

४९ पैयूँ गाउँपालिकामा रहेको डाक्टर सहितको भेटेरिनरी सेवामार्फत २४ सै घण्टा पशुहरुमा उपचार तथा परामर्श सेवा भौतिक रुपमै उपलब्ध गराइएको छ ।

५० सामुदायीक विद्यालयहरुमा अध्ययनरत कक्षा १ देखि १० सम्मका १७९३ जना विद्यार्थिहरुलाई पोशाक (ट्र्याकसुट) वितरण गरिएको छ।

५१ **विद्यार्थी सँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम** अन्तर्गत विद्यालयको शिक्षण सिकाई पद्धतिलाई व्यवहारिक र नतिजामूलक बनाउन कक्षा अवलोकन गरी सिकाई आदानप्रदान गरिएको छ ।

५२ पूर्वाधार तर्फ ठुलिवेसी भर्मा कुभिण्डे घुम्सुङ हुदै पर्यटकिय स्थल न्यौपाने गाउँ जाने सडक, सरौखोला सिर्वानी हाँडिखर्क ग्यामी भोर्ले सडक, गल्छिना धरमपानी पैयूँकोट पदमार्ग, पालुस्थान-छहरे झरना पर्यटकीय स्थल प्रवर्धन, ठुल्डाँडा धरमपानी पैयूकोट अधुरो पदमार्ग निर्माण, आधारभूत स्वास्थ्य इकाइ वडा नं.३ र ७, को भवन निमार्ण कार्य अन्तिम चरणमा पुगेको छ।

**सभा सदस्यज्यूहरु,**

**पैयूँ गाउँपालिकाको आ.व २०८२/८३ को नीति कार्यक्रम एवम बजेट निर्माण गर्ने सन्दर्भमा हामीले यहाँका बौद्धिक व्यक्तित्व, राजनितिक दल, सरोकारवाला संघ संस्था, सामाजिक आर्थिक क्षेत्रमा क्रियाशील व्यक्तित्वहरु संग बृहत छलफल र अन्तरक्रिया तथा सूचना प्रविधिका बिभिन्न माध्यमबाट देश विदेशमा रहनुभएका महानुभावहरु संग सुझाव संकलन गरि बैज्ञानिक र बस्तुनिस्ठ नीति कार्यक्रम तय गरेर दिर्घकालिन र दिगो योजना छनौट गर्ने प्रयास गरेका छौं । अब म तिनै सुझाव संकलनबाट प्राप्त सुझाव तथा मार्गनिर्देशन सहित पैयूँ गाउँ कार्यपालिका बाट स्वीकृत पैयूँ गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।**

**आर्थिक क्षेत्र**

५३ गाउँपालिकाको भौगोलिक तथा वातावरणीय सम्भाव्यताको अध्ययन गरी उपयुक्त स्थानमा कृषि, पशुपालन फलफूल खेती लगायतका नगदे बालीहरुको उत्पादनमा जोड दिँदै पकेट क्षेत्रको घोषणा गरी सामूहिक तथा व्यावसायिक उत्पादनमा जोड दिइनेछ। च्याउ, सुन्तला, तरकारी, अदुवा, गोलभेडा, माछा, कफी लगायतका कृषि उपजको उत्पादकत्वमा वृद्धि गर्न कृषकसंगको साझेदारीमा **एक वडा एक पहिचान कार्यक्रम** सञ्चालन गरिने छ।

५४ रैथाने बाली प्रवर्धन अन्तर्गत कोदोको उत्पादन वृद्धि गर्न उत्पादनमा आधारित प्रोत्साहन अनुदान **कार्यक्रम** सञ्चालन लाई निरन्तरता दिइने छ। साथै कोदोको मदिरालाई ब्राण्डिङ गरी बजारीकरण गर्न पहल गरिनेछ।

५५ पैयूँ गाउँपालिका क्षेत्रभित्रका कृषियोग्य जमिनमा साना सिंचाइ कुलोहरुको निर्माण तथा मर्मत गरी बाह्रै महिना सिंचाइको सुविधा पुऱ्याउने कार्यलाई निरन्तरता दिइने छ।

५६ सेदीखोला नदिको बगरमा खरबुजा र तरबुजा खेतिलाई **पाइलट प्रोजेक्ट** को रुपमा आर्थिक वर्ष २०८२।८३ देखि सुरुवात गरिनेछ ।

५७ अकबरे खुर्सानी प्रवर्द्धन मार्फत कृषि व्यवसाय प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

५८ व्यावसायिक खेती तथा नगदे बालीको प्रवर्द्धन गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरी कृषि व्यवसाय प्रवर्द्धनका माध्यमबाट रोजगारी सिर्जना गर्ने नीतिलाई निरन्तरता दिइने छ।

५९ कृषि उपजको सङ्कलन तथा बजारीकरणलाई व्यवस्थित गर्न गाउँपालिकाको वडा नं.४ मा निर्माण सम्पन्न भएको चिस्यान केन्द्रलाई विद्युत आपूर्तीको व्यवस्थापन गरी सार्वजनिक निजी साझेदारी मार्फत सञ्चालनमा ल्याइनेछ।

६० कृषि बालीमा रासायनीक विषादीको प्रयोगलाई न्यूनिकरण गर्न कृषक पाठशाला (IPM) कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइने छ।

६१ सुन्तला, कफी, लिची, कागती लगायतका फलफुलहरुको उत्पादन वढाई आन्तरिक रोजगारी सृजना गर्ने व्यावसायिक कृषकहरुसंगको साझेदारीमा फलफुलका विरुवाहरु वितरण गरी कृषकको मनोवल वढाउने कार्यलाई निरन्तरता दिइने छ।

६२ **पैयूको समृद्धिको आधारः कृषि, प्रविधि र पूर्वाधार** भन्ने नारालाई आत्मसात गर्दै कृषि उपज (अदुवा, बेसार, कफी) उत्पादन क्षेत्रको विकासमा प्रविधि हस्तान्तरण गरिनेछ ।

६३ कृषि उत्पादनको उत्पादकत्व वढाउन कृषकहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ साथै किसानको खेतबारीको माटो परिक्षण गर्ने र रिपोर्टको आधारमा किसानहरुलाई निशुल्क रुपमा कृषि चुन वितरणलाई निरन्तरता दिइने छ।

६४ पशुपालक किसानहरुलाई प्रोत्साहन गर्न पशु स्वास्थ्यलाई ध्यानमा राखी कृत्रिम पशु गर्भाधन, पशु बीमा, अत्यावश्यक औषधी उपचार, ल्याब सञ्चालन तथा व्यवस्थापनलाई निरन्तरता दिइनेछ।

६५ पशुपंछीमा लाग्ने संक्रामक तथा महामारीजन्य रोगको रोगथामको लागि आवश्यक पहल गरिनेछ।

६६ आन्तरीक पर्यटन प्रवर्द्धन गर्न छहरे झरनामा क्यानोनिङ परीक्षण तथा चालालुङ गुफालाई आध्यात्मिक केन्द्रको रुपमा विकास गरिनेछ ।

६७ ऐतिहासिक पैयूँकोट, नायक सायब थान, फूलबारी दरबार, पालुस्थान, दफूर्को, शिवपुरी धाम, चन्द्रेश्वर शिवालय मन्दिर, सिद्धेश्वर मन्दिर, मण्डली देवी, ढुवाखोला झरना, गोभानसिंह कपासे झरना, छिच्याउदी झरना, टकलाक शिवालय मन्दिर, विश्वनाथ शिला, नागेश्वर मन्दिर, नाच्नेडाँडा पर्यटकीय स्थल, कोलकाटे, वैष्णवी देवी मन्दिर, मुसुरबारी कालिकादेवी मन्दिर, चिन्तन चौतारी, टाङटाङ गुफा, न्यौपाने गाउँ मन्दिर, थुम्की गुफा,बाघखोर गुफा, सित्ले देवीथान, थमथमी माई ग्यामी, हिले गुम्बा, पात्ले पर्यटकीय स्थल, त्रिवेणी धाम, ऐना पहरा लगायतका गाउँपालिकाका धार्मिक तथा पर्यटकीय स्थलहरुमा पर्यटन पूर्वाधारहरुको विकास तथा विस्तार गर्दै उपयुक्त पूर्वाधार निर्माण गर्न संघ तथा प्रदेश सरकारसंग समन्वय र सहकार्य गरिनेछ।

६८ आर्थिक विकासका लागि औद्योगिक विकास अपरिहार्य रहने हुँदा औद्योगिक ग्रामको स्थापना गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।

६९ लघुउद्यम विकास कार्यक्रमलाई थप व्यवस्थित गरी सम्भावित सबै बस्तीस्तरमा विस्तार गर्ने व्यवस्था मिलाइने छ। ड्राइभिङ, हाउस वायरिङ, प्लम्विङ्ग, कपाल काट्ने, सिकर्मी, डकर्मी, सिलाइकटाइ जस्ता सीपमूलक तालिम तथा क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरी स्वरोजगारीको अवसर सिर्जना गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

७० लघुउद्यम प्रवर्द्धन कार्यक्रम अन्तरगत स्थानीय बाँसको उपयोग गरी पैयूँ गाउँपालिकालाई बाँसका सामग्रीको हव वनाउन पहल गरिनुका साथै गाउँपालिकामा एक कोसेली घर निर्माण गरिनेछ ।

७१ गाउँपालिकाको नियम क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको गहन अनुगमन गरी निष्कृय रहेका तथा सञ्चालनमा नआउने सहकारी संस्थाहरुलाई विघटन तथा दर्ता खारेजी गरी समस्या रहित सहकारी संस्था बनाउन पहल गरिने छ।

७२ **स्थानीय सरकार पूर्वाधारमा स्वयमसेवक कार्यक्रम** को सञ्चालन मार्फत गाउँपालिकाभित्रका आर्थिक तथा सामाजिक रुपले पिछडिएका तथा लोपोन्मुख जातिहरुको संरक्षणका लागि मिसन रोजगारी कार्यक्रम सञ्चालन गरिनेछ ।

<u>**सामाजिक क्षेत्र**</u>

७३ **आफ्नो गाउँ आफै चिनौ** भन्ने भावना अनुरुप विद्यार्थिहरुमा स्थानीय कला, संस्कृती, भाषा, भेषभुषा, धार्मिक, सास्कृतिक र ऐतिहासिक स्थलहरुको चिनारी एवं सोको संरक्षण र सम्मानको भावना जगाउन पूर्ण रुपमा स्थानीय विषयवस्तु समावेश गरी कक्षा १ देखी कक्षा ८ सम्म स्थानीय पाठ्यपुस्तक वितरण कार्यलाई निरन्तरता दिइने छ।

७४ शैक्षिक गुणस्तर अभिवृद्धिका लागि वालविकास शिक्षक, विद्यालय कर्मचारी र विद्यालय सहयोगीको उच्च मनोवल कायम गर्न वालविकास शिक्षक, विद्यालय कर्मचारी र सहयोगीलाई प्रदान गर्दै आएको सेवा सुविधालाई निरन्तरता दिइने छ।

७५ राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्ने हेतुले गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक वहुमुखी क्याम्पसको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक रकम अनुदान स्वरुप उपलव्ध गराइनेछ।

७६ वैज्ञानिक र समयानुकुल शिक्षा प्रदान गर्न गाउँपालिकाको पहलमा छनौट गरिएका नमुना विद्यालय र विज्ञान विषय सञ्चालनका लागि गाउँपालिका मार्फत आवश्यक रकम प्रोत्साहन स्वरुप उपलव्ध गराउने व्यवस्था गरिनेछ।

७७ शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सवै सामुदायिक विद्यालयको के.जी. देखी कक्षा ५ सम्म अनिवार्य अंग्रेजी माध्यममा अध्ययन अध्यापन र कक्षा ६ देखी १० सम्म क्रमशः सवै सामुदायिक विद्यालयहरुमा अंग्रेजी र नेपाली दुवै  माध्यमवाट पठनपाठन क्रियाकलाप सञ्चालन गर्दै लगिनेछ।

७८ विद्यार्थी मुल्याङ्कनलाई विश्वसनिय र वास्तविक गराई गाउँपालिकाको वास्तविक शैक्षिक अवस्था पहिचान गर्न आधारभुत तह  कक्षा ३, कक्षा ५ र कक्षा ८ को त्रैमासिक, अर्धवार्षिक र बार्षिक परीक्षा गाउँपालिका स्तरीय वनाइ सोको मूल्याङ्कन, प्रमाणीकरण र व्यवस्थापन गरिनेछ। साथै अन्य कक्षाहरुको परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि विद्यालयहरुसँग आवश्यक समन्वय र सहजिकरणलाई निरन्तरता दिइने छ।

७९ कक्षा ३, ५ र ८ कक्षामा अध्ययनरत विद्यार्थीहरुको गणित, विज्ञान र अंग्रेजी विषयको वास्तविक सिकाइ उपलव्धि पहिचान गरी सोही अनुरुप मुख्य विषय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

८० प्रत्येक विद्यालयमा वाल क्लव गठन गर्न लगाई सवै विद्यालयको सहभागिता सुनिश्चित हुने गरी गाउँपालिका स्तरीय वाल क्लव गठन गरिनेछ। साथै वाल क्लवहरु लाई आफ्नो जिम्मेवारीको वोध गराउन हरेक सामाजिक क्रियाकलापहरुमा संलग्न गराइनेछ।

८१ विद्यार्थीहरुको वास्तविक शैक्षिक उपलव्धि मापन गर्न सञ्चालन गरिने विभिन्न तहका परीक्षाहरुको विषयगत प्रश्नपत्रका लागि गाउँपालिकामा **प्रश्नपत्र वैङ्क** स्थापना गरिनेछ।

८२ विद्यार्थिहरुमा सकारात्मक प्रतिस्पर्धाको भावना जागृत गराई गुणस्तरीय र सक्षम जनशक्ती उत्पादन गर्ने लक्ष्यका साथ आधारभुत तह (कक्षा-८), माध्यमिक शिक्षा परीक्षा (SEE) र कक्षा १२ को अन्त्यमा लिईने परीक्षामा उत्कृष्ठ नतिजा हासिल गर्ने विद्यार्थीहरुलाइ तथा उत्कृष्ट नतिजा ल्याउन अध्यापन गराउने शिक्षकलाई सम्मान तथा पुरस्कार प्रदान गरिनेछ।

८३ विद्यार्थीहरुमा सकारात्मक प्रतिस्पर्धामार्फत अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराउन गाउँपालिका स्तरीय विविध अतिरिक्त क्रियाकलापहरु सञ्चालनलाई निरन्तरता दिइने छ।

८४ विद्यार्थीहरुको खेल क्षमताको विकास गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रभाव पार्न सक्ने खेलाडी उत्पादन गर्न गाउँपालिका स्तरीय **अध्यक्ष कप खेलकुद प्रतियोगिता** सञ्चालनको सुरुवात गरिनेछ ।

८५ विद्यार्थीहरुको मानसिक र शारिरीक विकास गर्न वालकक्षा देखी कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरुका लागि विद्यालय मार्फत साप्ताहिक खाजा तालिका निर्माण गर्न लगाई स्थानीय स्तरमै उत्पादित अर्गानिक तथा रैथानी बालीबाट निर्मित गुणस्तरीय दिवा खाजा खुवाउने कार्यलाई व्यवस्थित गर्दै जंक फुडलाई निषेध गरिनेछ।

८६ वढ्दो विश्वव्यापिकरण तथा विज्ञान र प्रविधिको विकासमा विद्यार्थी तथा शिक्षकहरुलाई सामञ्जस्य वनाउन सवै विद्यालय प्रशासनलाई सूचना प्रविधि मैत्री वनाउदै कागज रहित (Paper Less) विद्यालयको अवधारणालाई सार्थक गराइनेछ।

८७ निशुल्क आधारभुत र माध्यमिक शिक्षामा सवै वालवालिकाको पहुँच सुनिश्चित गर्न सवै विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक वितरण गरिनेछ।

८८ कक्षा ६ देखी १२ सम्म अध्ययनरत छात्राहरु नियमित महिनावारीको कारणले शिक्षण सिकाइमा पुग्न सक्ने शैक्षिक क्षति कम गर्न आवश्यक संख्यामा गुणस्तरीय सेनिटरी प्याड उपलव्ध गराइनेछ।

८९ विषयगत शिक्षकहरुको अभावका कारण विषयगत शिक्षक व्यस्थापन गर्न कठिन भएका सामुदायिक विद्यालयहरुमा विशेष गरी गणित, अंग्रेजी र विज्ञान विषयका शिक्षक व्यवस्थापनका लागि शिक्षण सहयोग अनुदान उपलव्ध गराई शैक्षिक गुणस्तर अभिवृद्धी गरिनेछ।

९० सामुदायिक विद्यालयहरुको कक्षा १ देखी कक्षा ८ सम्म अध्ययनरत छात्राहरु तथा दलित विद्यार्थिको लागि छात्रवृत्ति उपलव्ध गराइनेछ। शिक्षक तथा विद्यालय कर्मचारीको क्षमता विकास गर्दै शैक्षिक गुणस्तर सुधार गर्न विभिन्न पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ।

९१ सेवा निवृत्त हुन चाहने शिक्षकहरुको लागि आवस्यक वजेटको व्यवस्था गरी **सम्मानजनक स्वेच्छिक अवकाश कार्ययोजना** कार्यान्वयन गरी विद्यालयमा **नयाँ यूवा जनशक्तिको सञ्चार** (New Blood) गराइनेछ ।

९२ समग्र गाउँपालिका र राष्ट्रप्रति जिम्मेवार वोध गराउँदै देश विकासमा योगदान दिन सक्ने सक्षम र नेतृत्वदायी जनशक्ति उत्पादन गर्न गाउँ युवा सञ्जाल गठन गरीनेछ र विभिन्न सामाजिक गतिविधिहरुमा युवाहरुलाई सक्रिय गराईनेछ।

९३ युवा लक्षित सीपमूलक तालिम सञ्चालन गरी स्वरोजगारीको अवसर सिर्जना गर्दै विदेश पलायनको वर्तमान स्थितिमा सुधार ल्याइनेछ । विभिन्न युवा क्लबहरु तथा युवा लक्षित संघ संस्थाहरुसँग सहकार्य गर्दै युवाहरुमा नेतृत्व विकासका अवसरहरु प्रदान गरिनेछ।

९४ खेलकुदलाई मनोरञ्जन र स्वास्थ्यसँग आबद्ध गरी यसको विकास गरिने छ । साथै गाउँपालिकाभित्र रहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरुलाई सम्मान र प्रोत्साहन गरिनेछ।

९५ युवाहरुलाई खेलकुद मार्फत व्यक्तित्व विकास गर्न सहज पुर्याउने उद्येश्यले मागमा आधारित खेलकुदका सामग्री वितरण गरिनेछ।

९६ समग्र खेलकुद क्षेत्रको विकासका लागि अध्यक्षकप खेलकुद प्रतियोगिता सञ्चालन गरिने छ।

९७ सामुदायिक प्रहरीसँगको समन्वयमा युवाहरुलाई दुर्व्यसनीमा लाग्न नदिन सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**सदस्यज्यूहरु,**

९८ स्वस्थ समाजको निर्माणको लागि सामुदायिक स्वास्थ्य अभियान सञ्चालन गर्न **"म स्वस्थ मेरो समुदाय स्वस्थ"** भन्ने प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

९९ आधारभूत स्वास्थ्य नागरिकको मौलिक हकका रुपमा रहेकाले आधारभूत अस्पताललाई स्वास्थ्य विमाको प्रथम विन्दु बनाइनेछ साथै स्वास्थ्य चौकी, आर्युवेद औषधालय, सामुदायिक स्वास्थ्य इकाइबाट निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा स्वास्थ्यकर्मीहरुको सेवालाई नियमित र पहुँचयोग्य बनाउन थप व्यवस्था गरिनेछ।

१०० मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निःशुल्क गर्भपतन कार्यक्रम सञ्चालन गरिनेछ। परिवार नियोजन तथा किशोर किशोरी प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।

१०१ ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि स्वास्थ्य जाँच तथा उपचारका लागि विशेषज्ञ सेवा सहितको **अध्यक्षसंग स्वस्थ पैयूँ कार्यक्रम** सञ्चालन गरिनेछ ।

१०२ महिलाहरुको पाठेघर र स्तन क्यान्सर रोकथाम, २ वर्ष मुनिका बालबालिकाहरुको पोषण स्थितिमा सुधार लगायत स्वास्थ्यसम्बन्धी पर्याप्त जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०३ बालबालिका र सुत्केरी महिलामा आयोडिनको मात्रा कमि हुन नदिन "बच्चा जोखौ नुन बोकौ" अभियान सञ्चालन गरिनेछ ।

१०४ गाउँपालिकाका स्वास्थ्य संस्थाहरुका लागि अत्यावश्यक पर्ने औषधीहरु, भिडियो एक्सरे मेसिन, ल्याव सञ्चालन उपकरणको व्यवस्था गरी सेवा प्रवाहलाई प्रभावकारी वनाइनेछ साथै स्वास्थ्य संस्थाको सेवामा विद्युतिय प्रविधिको प्रयोगको प्रवन्ध मिलाइनेछ।

१०५ सुरक्षित प्रसूति सेवाका माध्यमबाट मातृशिशु मृत्युदरलाई न्यूनीकरण गर्न गाउँपालिकाभित्र सञ्चालित सबै बर्थिङ सेन्टरहरुलाई सुविधा सम्पन्न बनाइनेछ साथै स्वास्थ्य संस्थाबाहिर सुत्केरी हुने दरलाई शून्यमा झारी सुत्केरी भएको अवस्थामा आवश्यक पोषणको सुनिश्चित गर्न **उपाध्यक्षसंग सुत्केरी भेटघाट कार्यक्रम**लाई निरन्तरता दिइनेछ।

१०६ मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामिहरुलाई औषधी उपचारका लागि दिदै आएको औषधि उपचार खर्चलाई निरन्तरता दिदै क्षयरोग लागेका बिरामीलाई पोषण खर्च उपलब्ध गराइनेछ।

१०७ विभिन्न सरुवा रोगहरु तथा महामारी रोकथामका निम्ति जनचेतनामूलक कार्यक्रमको व्यवस्था गरिने छ। साथै आयुर्वेद चिकित्सा पद्धतितर्फ नागरिकहरुलाई प्रोत्साहन गरिनेछ।

१०८ गाउँपालिका अन्तर्गत उपलब्ध स्वास्थ्य सेवालाई अझ प्रभावकारी बनाउन पैयूँ आधारभुत अस्पतालमा अत्याधुनिक ल्याब तथा फार्मेसी सञ्चालन आर्थिक बर्ष २०८२/८३ को सुरुवातबाटै सञ्चालनमा ल्याइनेछ ।

१०९ गाउँपालिका अन्तर्गत समुदाय स्तरमा सेवारत सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकाहरुको सेवा प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई रिपोर्टिङ र यातायात खर्चको व्यवस्था कम हुँदै आएकोमा न्यूनतम रुपमा तोकिएको रकम उपलब्ध गराइनेछ ।

११० पैयूँ गाउँपालिकामा रहेका मानसिक रोगीहरुलाई निशुल्क रुपमा औषधी वितरणको कार्यलाई निरन्तरता दिइनेछ ।

१११ विद्यार्थिहरुको स्वास्थ्यलाई मध्यनगर गर्दै सवै विद्यार्थिहरु स्वस्थ रहुन् भन्ने उद्देश्यले सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थिहरुको लागि स्वास्थ्य परिक्षण शिविर सञ्चालन गरिने छ।

११२ महिलाको प्रजनन स्वास्थ्यलाई सुरक्षित बनाउन पैयूँ आधारभूत अस्पतालबाट रिफर गरिएका गर्भवति महिलाहरुलाई निःशुल्क एम्वुलेन्स सेवा सञ्चालन गरिने छ।

११३ नयाँ संरचनामा आधारभूत अस्पताल सञ्चालनका लागि उपकरण तथा औजार व्यवस्थापन गर्न संघ तथा प्रदेश सरकारका साथै अन्य संघसंस्था र दातृ निकायहरुसँग पहल गरिनेछ ।

११४ सबै प्रकारका छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरु न्यूनीकरणका लागि जनचेतनामूलक र कानूनी सचेतनाका कार्यक्रमहरु सञ्चालन गरी सामाजिक विकृति र कुप्रथामुक्त गाउँपालिका निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

११५ विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी समावेशीकरण तथा सशक्तीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ । दलित जनजाती तथा अपाङ्गता भएका व्यक्तिहरुका लागि आयमूलक एवं क्षमता विकासका क्रियाकलापहरु सञ्चालन गरिने छ ।

११६ अपाङ्गता भएका व्यक्ति र आर्थिक रुपले विपन्न नागरिकहरुलाई स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न **स्वास्थ्य बीमा कार्यक्रम** सञ्चालनलाई निरन्तरता दिइने छ।

११७ बालबालिका सम्बन्धी बाल सञ्जाल गठन तथा परिचालन एवं बालबालिकाको क्षमता विकासका कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइने छ।

११८ निर्माण गरिएका वा गरिने सामाजिक एवं भौतिक पूर्वाधारहरुलाई बालबालिका एवं अपाङ्गतामैत्री बनाउँदै लगिने नीतिलाई निरन्तरता दिइनेछ ।

११९ आदिबासी जनजातिलगायत स्थानीय मौलिक कला, भाषा संस्कृति, भेषभूषा तथा परम्पराहरुको संरक्षण एवं सम्वर्धन गरिनेछ।साथै गाउँपालिकाका सबै जातजातिको मौलिक सँस्कृतिको संरक्षण गर्नका लागि गाउँपालिका स्तरीय एक सङ्ग्रहालय स्थापनाका लागि प्रदेश सरकार संग पहल गरिने छ ।

१२० गाउँपालिकाभित्रका सुरक्षित घरबास नभएका आर्थिक रुपले विपन्न घरपरिवारहरुलाई सुरक्षित आवास निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

१२१ गाउँपालिकाभित्र परम्परागत रुपमा सञ्चालित मेला तथा जात्राहरुलाई संरक्षण तथा सम्वर्द्धन गर्ने कार्यलाई निरन्तरता गरिनेछ।

१२२ सामाजिक न्यायलाई जनस्तरमा पुऱ्याउन स्थानीय न्यायिक समिति तथा वडास्तरमा स्थापना भएको मेलमिलाप केन्द्रमा रहेका सहजकर्तालाई क्रियाशिल बनाइनेछ ।

१२३ समाजमा विद्यमान जातीय विभेद, दाइजो प्रथा, महिला हिंसा, बालविवाह जस्ता कुरीतिलाई निरुत्साहित गरिनेछ, जाँड रक्सी, जुवातास तथा लागु औषध दुर्व्यसनी जस्ता सामाजिक विकृतिलाई नियन्त्रण गर्ने नीति अवलम्बन गरिनेछ ।

१२४ पूर्ण सरसफाइसम्बन्धी राष्ट्रिय रणनीति कार्यान्वयन गरी खानेपानी सरसफाई तथा स्वच्छता सम्वन्धी कार्ययोजना वास प्लान तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१२५ **एक घर एक धारा**को कार्यक्रमलाई आत्मसात गर्दै नयाँ निर्माण तथा जीर्ण खानेपानी आयोजनाको मर्मतसम्भार गरी प्रशोधनसहितको खानेपानी योजना सञ्चालन गर्न प्रदेश सरकारसँग समन्वय गरी कार्यान्वयन गरिनेछ ।

१२६ परम्परागत रुपमा निर्मित कुवा, ढुङ्गे धारा, चौतारी, पोखरीहरुको संरक्षण एवं सम्वर्द्धनलाई निरन्तरता दिइनेछ।

१२७ गाउँपालिकाभित्र बढ्दै गरेको बजारीकरणबाट उत्पन्न फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समाधानका लागी फोहोरमैला सङ्कलन केन्द्र सञ्चालन तथा ब्यवस्थापनको कार्य सुरुवात गरिएकोमा यस कार्यलाई थप व्यवस्थित गर्न घरभित्रबाटै फोहोरमैला बर्गीकरण गरी संकलन गर्ने व्यवस्था मिलाइनेछ ।

१२८ पैयूँ गाउँपालिका वडा नं ५ मा रहेको फोहोरमैला संकलन केन्द्र सम्म जाने सडकको स्तरोन्नती गरी फोहोरमैला संकलनमा सहजता ल्याइने छ। साथै गाउँपालिकाका सबै वडाहरुमा सरसफाई तथा फोहोरमैला व्यवस्थापनसम्वन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**सदस्यज्यूहरु**,

**पूर्वाधार क्षेत्र**

१२९ स्थानीय सडक सञ्जाललाई व्यवस्थित गरी यातायात सेवालाई प्रभावकारी बनाउन गाउँपालिकाको यातायात गुरु योजना निर्माण गरिनेछ।

१३० गाउँपालिकाले उपभोक्ता समिति मार्फत गर्ने निर्माण कार्यको लागत अनुमान तथा मूल्याङ्कनमा नेपाली भाषाको प्रयोग गरी उपभोक्ता समितिका पदाधिकारीहरुलाई लागत अनुमान नबुझ्दा हुने विभिन्न समस्याहरुको न्यूनीकरण गर्दै लगिनेछ ।

१३१ गाउँपालिका स्तरीय आयोजना बैंकको स्थापना गरी प्राथमिकताका आधारमा संघ सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट बजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ ।

१३२ गाउँपालिकाको मुख्य सडकहरुको लगत काट्ने व्यवस्था गरी सडकहरुलाई गाउँपालिकाको मातहतमा ल्याउन पहल गरिनेछ ।

१३३ गल्छिना पुलदेखि गाउँपालिका भवन सम्म सेदीखोलाको किनारमा हराभरा पार्क सहित पदमार्ग निर्माणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१३४ सडक, पुल, खानेपानी, सिंचाइ जस्ता भौतिक पूर्वाधार निर्माणमा आर्थिक, सामाजिक तथा वातावरणीय पक्षको अध्ययन गरी गुणस्तरीय एवं वातावरणमैत्री भौतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ । साथै ग्रामिण सडकहरुलाई बाह्रै महिना सञ्चालन हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

१३५ गाउँपालिकाभित्र सञ्चालनमा रहेका सडकहरुको स्तरोन्नति गरी **सबै र सधैंका लागि सडक** भन्ने मूल मर्मलाई आत्मसात गर्न सडक स्तरोन्नतिको कार्यलाई निरन्तरता दिइनेछ।

१३६ ग्रामीण तथा कृषि सडकहरु निर्माण गर्दा स्थानीय स्तरमा उत्पादन हुने निर्यातयोग्य उत्पादनलाई आधार मानी प्राथमिकता दिइनेछ।

१३७ गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक तथा सरकारी जग्गाको एकीकृत लगत सङ्कलन गरी सरकारी तथा सार्वजनिक हितका लागि प्रयोग गरिनेछ।

१३८ गाउँपालिकालाई कार्यक्षेत्र बनाएर स्वच्छ पत्रकारिता गर्ने सञ्चारकर्मी/पत्रकारहरुलाई प्रोत्साहन गरिनेछ। गाउँपालिकाभित्र सञ्चालन हुने डिजिटल अनलाइन पत्रिका, एफ. एम. रेडियो लगायत सञ्चार मिडियालाई प्रोत्साहन गरिनेछ।

१३९ निजी क्षेत्र, गैर सरकारी संघ संस्था / व्यक्तिको अग्रसरतामा निर्माण हुने पर्यटकीय पूर्वाधार, सुरक्षित बस्ती स्थापना लगायतका कार्यलाई गाउँपालिकाले प्रोत्साहन गर्नेछ ।

१४० गाउँपालिकाभित्रका बजारोन्मुख क्षेत्रहरुमा सौर्य सडक बत्तीको व्यवस्था गर्दै **उज्यालो पैयूँ अभियान कार्यक्रम**लाई निरन्तरता दिइनेछ।

१४१ युवाहरुको खेल प्रतिभाको पहिचान र खेलकुद क्षेत्रको विकासका लागि पैयूँ गाउँपालिकाको केन्द्रमा एक सुविधा सम्पन्न कभर्डहल निर्माण कार्यको थालनी गरिनेछ।

१४२ पूर्वाधार निर्माण कार्यलाई दिगो र व्यवस्थित बनाउन लागत साझेदारीमा लाभग्राहीको जनसहभागतिको सुनिश्चिततको लागि पैयूँ गाउँपालिकामा मर्मत सम्भार कोष निर्माण गरी निर्मित पूर्वाधारको मर्मत सम्भार गर्ने व्यवस्था मिलाइनेछ ।

१४३ गाउँपलिका भित्र गरिने जटिल पूर्वाधारजन्य कार्यहरु (जस्तै सडक ढलान, सडक कालोपत्रे) को गुणस्तर सुनिश्चितताका लागि **अनिवार्य ल्याब परीक्षण** गर्ने व्यवस्था मिलाईनेछ ।

१४४ गाउँपालिकाबाट सञ्चालित पूर्वाधारका योजनाहरु उपभोक्ता समितिलाई नै हस्तान्तरण गरी मर्मत सम्भार, सुरक्षा तथा संरक्षणको जिम्मेवारी दिने व्यवस्था मिलाईनेछ ।

१४५ पैयूँ आधारभूत अस्पताल हातेमालो चोक हुँदै गाउँपालिका भवन जोड्ने सडकलाई **पैयूँ नमूना सडकको** रुपमा विकास गरिनेछ ।

## वन,वातावरण तथा विपद् व्यवस्थापन

१४६ मानव - वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्न जनचेतना, राहत, तथा क्षतिपूर्तिको प्रक्रियालाई आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।वन्य जन्तुका लागि वनमा रहेका पानीका स्रोतहरु संरक्षण गरी वर, पिपल, समी, पैयूँ लगायत वनजन्य फलफूलका विरुवा रोप्ने कार्यलाई प्रोत्साहन गरिने छ ।

१४७ नदी तथा खोलामा तटबन्ध निर्माण गरी नदी किनाराका बस्ती, संरचना, सम्पदा जमिन संरक्षण गर्ने तथा जग्गा उकास गर्ने र आकस्मिक रुपमा आइपरेका जलउत्पन्न प्रकोपको क्षतिको प्रभाव न्यूनीकरण गर्ने प्रदेश सरकारको नीति अनुरुप उक्त कार्यका लागि प्रदेश सरकारसंग समन्वय तथा सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

१४८ सबै प्रकारका विपद्बाट सिर्जना हुने सङ्कटपूर्ण परिस्थितिलाई मध्यनजर गर्दै विपद् व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१४९ स्थानीय नागरिकको सहभागिताका माध्यमबाट वनको संरक्षण, दिगो व्यवस्थापन तथा संस्थागत सुदृढीकरण गरी दैनिक जीवनयापनमा आवश्यक पर्ने वन पैदावारको सुलभ आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ।

१५० गाउँपालिका क्षेत्रभित्र रहेका लोपोन्मुख वनस्पति, जडिबुटी र वन्यजन्तुहरुको पहिचान गरी संरक्षण र सम्वर्द्धन गरिने कार्यलाई निरन्तरता दिइनेछ।

१५१ भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्य तत्काल अगाडि बढाई सोको रोकथाम तथा नियन्त्रणका उपायहरु अवलम्बन गरिनेछ । साथै जलवायु परिवर्तन अनुकूलन तथा वातावरण संरक्षणमा टेवा पुऱ्याउने जनचेतनामूलक कार्यक्रमलाई जोड दिइनेछ ।

१५२ संघ तथा प्रदेश सरकारको समन्वय र सहकार्यमा विपदजन्य क्षेतिबाट प्रभावित घरपरिवारहरुलाई निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापनाका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन

१५३ **समृद्ध पैयूँको आधारः कृषि, प्रविधि र पूर्वाधार** भन्ने दिर्घकालिन सोच सहितको पाँच वर्षे ( २०८१/०८२ - २०८५/०८६) आवधिक योजनाले निर्धारण गरेका पैयूँ गाउँपालिकाको विकास र समृद्धिका प्रमुख प्राथमिकतामा कृषि, प्रविधि र पूर्वाधारलाई आत्मसाथ गरी आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ।

१५४ पैयूँ गाउँपालिका र अन्तरगतका सबै कार्यालयबाट प्रदान हुने सेवालाई व्यवस्थित, प्रभावकारी, जनउत्तरदायी र पारदर्शी बनाउन आन्तरिक नियन्त्रण प्रणाली, विद्युतीय शासन, गुनासो सुनवाई, नागरिक मत सर्वेक्षण जस्ता विधिहरुको प्रयोगलाई निरन्तरता दिइने छ।

१५५ गाउँपालिकाभित्र राजश्वको दर न्यूनीकरण तथा दायरा फराकिलो बनाई राजश्व अन्तर्गत सम्पत्ती कर तथा भूमिकर (मालपोत) संकलन कार्यलाई वडा कार्यालयबाटै अनलाइन माध्यमको प्रयोग गरी राजश्व संकलन गर्ने कार्यलाई निरन्तरता दिइने छ।

१५६ गाउँपालिकाको आन्तरिक श्रोत वृद्धिका लागि पूर्वाधार सम्बन्धी योजना निर्माणमामा ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य सामग्री प्रयोग गरेबापतको अनिवार्य विल विजकको व्यवस्था गरिनेछ ।

१५७ उद्योग वाणिज्य संघ पैयूँ उपशाखा पर्वतको समन्वय र सहकार्यमा गाउँपालिका क्षेत्रभित्र घुम्ती व्यवसाय गर्ने व्यवसायीहरुलाई राजश्वको दायरामा ल्याइनेछ ।

१५८ आर्थिक वर्षको असोज मसान्तभित्र व्यवसाय नविकरण र सम्पत्ती तथा भूमिकर बुझाउदा आर्थिक ऐन बमोजिम तोकिएको कर तथा शुल्कमा १० प्रतिशत छुट दिने व्यवस्था गरिनेछ । साथै लामो समयदेखि व्यवसाय नविकरण, सम्पत्तीकर तथा भूमिकर बुझाउन नआई बक्यौता बाँकी रहेका व्यवसाय तथा घरपरिवारहरुलाई लाग्दै आएको जरिवाना रकममा २० प्रतिशत छुट दिने व्यवस्था गरिनेछ ।

१५९ सेवाप्रवाहमा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, महिला तथा बालबालिकाहरुलाई प्राथमिकता दिँदै नागरिकहरुलाई घर दैलोमै सेवा प्रवाह गर्न घुम्ती सेवा कार्यक्रमको प्रवन्ध गरिनेछ।

१६० पैयूँ गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन विद्युतीय हाजिरी, डिजिटल नागरिक वडापत्र को व्यवस्था गरिनेछ साथै सूचना प्रविधिसंग सम्वन्धित विभिन्न सफ्टवेयरको माध्यमबाट सेवा प्रवाह लाई गुणस्तरीय र सहज बनाइनेछ ।

१६१ सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई अनलाइन प्रविधिमार्फत् सञ्चालन गरिएकोमा यस कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

१६२ सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ जस्ता सार्वजनिक उत्तरदायित्वका अवयवहरुको प्रभावकारी उपयोग गर्दै आर्थिक पारदर्शिता कायम गरी भ्रटाचारविरुद्ध शून्य सहनशीलताको नीतिलाई अवलम्बन गरिने छ ।

१६३ सेवाप्रवाहमा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोगमार्फत सार्वजनिक सेवाप्रवाहलाई थप छिटो छरितो र सहज बनाउँदै आन्तरिक नियन्त्रण प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

१६४ स्थानीय आवश्यकता र उपलब्धता बीच सामञ्जस्यता कायम गरी सार्वजनिक, सहकारी र निजी क्षेत्रमा उपलब्ध स्रोतसाधनको उत्पादनशील क्षेत्रमा परिचालन गरी दिगो एवं उत्थानशील विकासमा जोड दिइनेछ ।

१६५ गाउँपालिकाको विविध पक्षको अध्ययन, अनुसन्धान र जनप्रतिनिधि तथा कार्यरत कर्मचारीहरुको क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्न गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानसंग समन्वय र सहकार्य गरिनेछ ।

१६६ न्यायीक समितिलाई थप क्रियाशिल बनाउदै न्याय सम्पादनलाई थप प्रभावकारी र व्यवस्थित बनाउन न्यायीक समितिका सदस्य र टोल संयोजकहरुका लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

१६७ सुरक्षित आप्रवासन कार्यक्रम मार्फत वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउन प्रदेश सरकारको समन्वयमा इलाका प्रशासन कार्यालयमा रहेको सुरक्षीत आप्रवासन उपकेन्द्र मार्फत बैदेशिक रोजगारी सम्बन्धी परामर्श सेवा निरन्तरता दिइनेछ ।

१६८ पैयूँ गाउँपालिका क्षेत्रभित्र रहेका सम्भावित मनोसामाजिक समस्या भएका व्यक्तिहरुलाई परामर्श सेवा उपलब्ध गराउन मनोसामाजिक परामर्शकर्ता मार्फत उपलब्ध परामर्श सेवालाई निरन्तरता दिइनेछ।

**सभा सदस्यज्यूहरु,**

१६९ स्थानीय सरकारले प्राप्त गरेका उपलब्धिहरुलाई संस्थागत गर्दै आर्थिक, सामाजिक र साँस्कृतिक सबै क्षेत्रको तीव्र विकास गरी समृद्ध पैयूँको दिर्घकालिन लक्ष हाँसिल गर्ने अठोट सहित आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

१७० प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयनमा सबै क्षेत्रबाट सहयोगको अपेक्षा राख्दछु । साथै नीति तथा कार्यक्रमको कार्यान्वयनले समृद्ध पैयूँ स्थापित भई पैयूँबासीमा खुसी प्राप्ति हुदै जाने कुरामा म विश्वस्त छु।

अन्त्यमा, पैयूँको विकासमा योगदान पुऱ्याउने गाउँ सभा सदस्यज्युहरु, स्थानीय राजनैतिक दलहरु, निजी क्षेत्र र सहकारी क्षेत्रहरुप्रति आभार प्रकट गर्दछु। आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण भूमिका खेल्नुहुने राष्ट्रसेवक कर्मचारी, श्रमिक तथा श्रमजीवी, स्थानीय नागरिक समाज, बुद्धिजीवी, पत्रकार/सञ्चारकर्मी तथा पैयूँबासीलाई धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद ।**
**आषाढ ९, २०८२**

**तोरण मल्ल ठकुरी**
**अध्यक्ष**